Jana Aakash
National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १७, अंक- ३४ २०८१ साल बैशाख २ गते मंगलबार (Apr 14, 2025) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

## समृद्धिका लागि सकारात्मक सोच आवश्यक छ : प्रधानमन्त्री ओली



काठमाडौं- प्रधानमन्त्री केपी शर्मा ओलीले देशलाई समृद्ध र जनतालाई सुखी बनाउने साझा गन्तव्य प्राप्त गर्न सबैमा सकारात्मक सोच, व्यवहार र आत्मबल आवश्यक भएको बताएका छन् ।

नयाँ वर्ष २०८२ का अवसरमा स्वदेश तथा विदेशमा रहेका नेपालीमा सबैको जीवनमा सुख, शान्ति, समृद्धि, प्रगति, सफलता र नयाँ उत्साह पैदा गरोस् भन्ने कामना गर्दै अनेकौं कठिनाइका बाबजुद हासिल गरेका उपलब्धिलाई आधार बनाएर हामी उज्यालो भविष्यतर्फ अगाडि बढ्न सफल हुने विश्वास उनले व्यक्त गरेका छन् ।

'नयाँ वर्षमा हामी नयाँ ऊर्जा नयाँ सङ्कल्प र नयाँ सम्भावनाको खोजी गर्छौं । यस वर्षले हामी सबैमा आशा, उत्साह र सकारात्मक सोचको विकास गर्न प्रेरणा भर्ने छ भन्ने विश्वास लिएको छु । देशलाई समृद्ध र जनतालाई सुखी बनाउने हाम्रो साझा सङ्कल्प हो', प्रधानमन्त्री ओलीले सन्देशमा भनेका छन्, 'राष्ट्रको साझा आकांक्षा साकार पार्न सरकार एक्लैले मिहिनेत गरेर पुग्दैन, देशभित्र र बाहिर रहेका सबै नेपालीको साझा प्रयास, मेहिनत र योगदानले मात्र हामी यसमा सफलता पाउन सक्छौं ।'

प्रधानमन्त्री ओलीले जातीय, क्षेत्रीय, सांस्कृतिक र धार्मिक विविधता हाम्रो राष्ट्रका साझा सम्पति हुन् भन्दै यिनलाई परस्पर विरोधी शक्तिका रुपमा नभइ तिनीहरु बीचको एकतालाई शक्तिका रुपमा विकास गरेर अगाडि बढ्नुपर्नेमा जोड दिएका छन् ।

» बाकी २ पृष्ठमा

# आहा कति राम्रो देश....



जताततै हरियाली जंगलहरू
सुसाईरहेछन् खोलाहरू
गमक्कछन् पाहाडहरू
नागवेलीभैं नदीहरू
चिरबिराई रहेछन् चराहरू
खेलीहरेका जंगली जनावारहरू

**मोहन कार्की**

काठमाडौं- यतिवेला नेपालमा नयाँ वर्षको रमझम जताततै छ । देशको प्राकृतिक सौदर्यता पनि उत्तिक्कै राम्रो छ । वन जंगलहरु हरियाली भएकाछन् । पालुवाहरु पलाई रहेकाछन् । हिमालहरु सेताम्यै भएर सुन्दर देखिन्छन् । पाहाडहरु गमक सिगारिएका छन् । तराईमा लालुपाते, श्रीखण्ड, सिमल फुलेर त्यहाका मानिसहरुलाई आनान्द दिईरहेका छन् । पाहाडमा लाँली गुराँश, चिमल, सुनाखरी, पहेली फूल, छिरु, सेतो चाप, अनेक खालका फूलहरु फूलेर देशै रमाइलो भईराखेको छ । पाहाडमा बसोबास गर्ने मानिसहरु पनि आनान्दले सास् फेर्दै पारी हिमालहरु हेर्दै रमाईरहेका देखिन्छन् ।

हिमाली क्षेत्रमा यो वर्ष ढिलो हिउ परेको छ । हिमालहरु सेताम्यै भएर सुन्दर देखिन्छन् । हिमालका छेउछाउबाट झर्ने झर्नाहरु झरझराएका छन् । चराचुरुगी चिरबिराएकाछन् । जंगली जनावरहरु यसै मौषममा वरपर कुदिरहेका र उनिहरु चरिरहेका चरण क्षेत्रहरुको दृष्यले नेपालको प्राकृतिक सौर्दयताको भरिपुर्ण भएको देश नेपाल हो । स्वर्गको भुमि नै पृथ्विमा छ भने त्यो नेपाल देशको भुमि हो भन्ने भान हुने वातावरण नेपाल देशमा यतिवेला छ ।

नेपाली हुनुमा गौरव गर्ने नेपालीहरुले यति सुन्दर प्रकृतिले दिएको वातावरणलाई सम्भावनाको रुपमा लिन नसक्नु आफैमा दुभाग्य हो । नेपालको यतिवेलाको वातावरणमा रमाउन विश्वका मानिसहरु नेपाल आउन चाहान्छन् । तर नेपाललाई पर्यटन क्षेत्रको रुपमा विकास गर्ने प्रयास भएको भएपनि सोचेजस्तो प्रगति गर्न सकेको छैन । नेपालमा थुप्रै हिमालहरु हजारौ डाँडापाखाहरु झर्ना खोलाहरु, थुम्काहरु, हजारौ थरीका फूलहरु, सयौं थरीका जंगली जनावरहरु हेर्न पाईने प्रकृतिले अथाहा दिएको भूगोल नेपाल देशमा छ ।

तर भौतिक पूर्वधारको विकास, मौलिक संस्कृतिको सरक्षण, नेपाली मौलिक बाजा, गाजाहरुको उत्पादन गरेर आन्तारिक तथा बाहिय पर्यटकहरुलाई आर्कषण गरी फाईदा लिन भने सकेको छैन । आहा यति सुन्दर देशलाई संसारमा चिनाएर प्रचार गरेर याहाको हावापानी, याहाको महत्वका क्षेत्रहरु हिमाली क्षेत्रहरु, पाहाडी क्षेत्रहरु, पुरातत्विक क्षेत्रहरु, बनस्पति, विश्वका इमानदार मानिसहरु मध्य नेपालीहरु हुन भन्ने विश्वास विश्वमा पुर्‍याउन नसक्दा स्वर्ग भूमि नेपालमा जन्मेका हामी नेपालीहरु मरुभूमि अर्थात बालुवाको देशहरुमा काम गरिरहेका छौ ।

आफ्नो देशको सम्भावनालाई पहिल्याएर आउदा दिनमा स्वर्गजस्तो नेपालको विकास र सरक्षणमा सबै नेपालीहरु मिलेर काम गर्न थाल्नुपर्ने देखिन्छ ।

## तीनकुनेमा भएको हिंसा, आगजनी र तोडफोडले दुःख लागेको छ : पूर्वराजा शाह



काठमाडौं- पूर्वराजा ज्ञानेन्द्र शाहले गत चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको जनप्रदर्शनका क्रममा भएको हिंसा, आगजनी, तोडफोड र मानवीय एवं भौतिक क्षतिबाट आफूलाई दुःख लागेको बताएका छन् ।

राजतन्त्र पुनस्थापना र हिन्दूराज्य लगायतका माग गर्दै भएको सो प्रदर्शनले उग्र रुप लिँदा दुई जनाको ज्यान गएको थियो । सोही प्रदर्शनमा विभिन्न निजी तथा सार्वजनिक सम्पतिमा क्षति पुगेको थियो भने दर्जनौं घाइते भएका थिए ।

उक्त घटनाबारे पूर्वराजा शाहलाई जिम्मेवार बनाउनुपर्ने माग उठिरहेका बेला आइतबार नयाँ वर्षको शुभकामना दिने क्रममा शाहले आफूलाई दुःख लागेको बताएका हुन् ।

'केही दिन अघि जनप्रदर्शनमा जुन प्रकारको हिंसा, आगजनी, तोडफोड, भयो त्यसबाट जसप्रकारको मानवीय एवं भौतिक क्षति भयो त्यो सुन्दा हामीलाई अत्यन्तै दुःख लाग्यो,' शाहले आफ्नो सन्देशमा भनेका छन् ।

## समृद्ध राष्ट्र निर्माणका लागि एकताबद्ध हुन प्रचण्डको आह्वान



काठमाडौं- नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले समृद्ध राष्ट्र निर्माणका लागि एकताबद्ध भएर अघि बढ्न आह्वान गरेका छन् ।

नयाँ वर्ष २०८२ को अवसरमा आज शुभकामना दिँदै उनले देशको समृद्धि र उज्ज्वल भविष्यका लागि दृढतापूर्वक आफ्ना पाइला अघि बढाउन आग्रह गरेका हुन् ।

'हामी गौरवशाली इतिहास बोकेका सार्वभौम नेपाली हौं, हामीले न्याय, स्वतन्त्रता र समानताका लागि त्याग, तपस्या र बलिदानका कैयौं कीर्तिमान कायम गरेका छौं, हाम्रो भविष्य पछाडि फर्केर होइन, अगाडि बढेर मात्र उज्यालो बन्न सक्छ', शुभकामना सन्देशमा अध्यक्ष प्रचण्डले भनेका छन् ।

उनले वर्ष २०८२ मा आत्मनिर्भर अर्थतन्त्रको विकासमार्फत रोजगारीको सिर्जनासँगै सुशासनका नयाँ मानक स्थापित गर्नेगरी

» बाकी २ पृष्ठमा

## जनता खुसी र सुखी भएमात्र राज्य बलियो हुन्छ : मन्त्रिपरिषद्का पूर्वअध्यक्ष रेग्मी

काठमाडौं- मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीले जनतामा देखिएको असन्तुष्टि, आक्रोश र बढिरहेको निराशाको कारण र निदान खोज्दै सम्बोधन गर्नु राज्यको दायित्व रहेको बताएका छन् ।

नववर्ष २०८२ को उपलक्ष्यमा दिनुभएको शुभकामना सन्देशमा उहाँले जनता खुसी र सुखी भएमा मात्र राष्ट्रिय एकता, आपसी सद्भाव, अमन चयन कायम भई राज्य बलियो हुने धारणा व्यक्त गरेका हुन् । पूर्वप्रधानन्यायाधीश समेत रहनुभएका रेग्मीले सबै विषयको संवाहक शक्ति जनता भएकै कारण लोकतन्त्रमा जनता सर्वोपरि हुन् भनिएको स्मरण गराएका छन् ।

उनले सन्देशमा भनेका छन्, 'नेपालको सामाजिक र राजनीतिक इतिहास हेर्ने, सम्झने र मनन गर्ने हो भने लाखौंको बलिदान भएको छ, त्यसै जनता सार्वभौम बनेका होइनन् ।'

शिक्षा, स्वास्थ्य, रोजगारी आम सरोकारका




विषय भएको उल्लेख गर्दै पूर्वअध्यक्ष रेग्मीले कृषि, कृषिजन्य उद्योग र पर्यटनलाई जनसाधारणसँग जोडेर जनजीविकाको सशक्त माध्यम बनाउनु अनिवार्य भएको सुझाव दिएका छन् ।

उनले भनेका छन्, 'आजको मुख्य विषय भनेको जनताको आवश्यकताको पहिचान र त्यसको सशक्त सम्बोधन, परिणाममुखी र नतिजामुखी काम नै हो

» बाकी २ पृष्ठमा



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ३४, २०८२ साल बैशाख २ गते मंगलबार (APR 14, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय - - - -

### नयाा वर्षले सवैमा खुशी ल्याओस् ।

नेपालीहरूको नयाँ वर्ष शुरू भएको छ । अहिले मानिसहरू नयाँ वर्षको उपलक्ष्यमा नयाँ ठाउँहरूमा घुम्न जाने एकअर्कासँग भेटघाट गरी खुशी साटसाट गर्ने गरिरहेका छन् । कतिपय नेपालीहरू विदेशमा काम गर्न कोही पढ्न गएकारूले आफन्त साथीभाईहरूलाई एस.एम.एस गरेर सामाजिक सञ्जाल मार्फत, कतिपयले भिडियो कल मार्फत नेपालीहरूको नयाँ वर्षको उपलक्ष्यमा शुभकामना आदान प्रदान गरिरहेका छन् ।

यता नेपालमा चै पिकनिक जाने, साथीभाईहरू एकठाउँमा जम्मा भई रमाईलो गर्ने, नयाँ वर्षको उपलक्ष्यमा कतिपय मानिसहरूले नयाँ कामको शुरूवात गर्ने गरेका छन् । नयाँ वर्षमा थालिएको कामले सफलता प्राप्त हुने कतिपय मानिसहरूको बुझाई रहेको छ । नेपालीहरूले यस वैशाख १ गतेबाट यो महिनाभरी नयाँ वर्षको रूपमा मनाउने पर्व हो । यो वर्षमा एकदिन खुशी मनाउने पर्वलाई धेरै जति नेपालीहरूले सकभर रमाईलो गर्न छुटाउदैनन् ।

यो पर्व विगत कालदेखिनै निरन्तर रूपमा मनाउदै आएको पर्व हो । अहिलेपनि नेपाली समुदायले उत्तिक्के महत्वका साथ मनाईदै आएको छ ।

१ गतेवाट शुरू भएको नयाँ वर्षमा यतिवेला मानिसहरू वस, माइक्रो बस, सुमो, स्कारपियो, हाईलेक्स लगायतका सवारी साधनहरू रिर्जभ गरेर एक ठाउँबाट अर्को ठाउँ जाहा पिकनिक स्टपहरू छन, त्यहा यतिवेला नयाँ वर्ष मनाउनेहरूको भीड देखिन्छ ।

हुनत नेपालमा जति पर्वहरू मनाईछ । संसारमा काही मनाइदैन होला । संस्कृतिक रूपमा धनी नेपालीहरू आर्थिक रूपमा र विकासमा भने अलि पछाडी छन् । यस खालका कमजोरीहरूलाई राज्यको तर्फवाट शुधार गरेर नेपालीहरूलाई आफ्नै देशमा रोजगार सृर्जना गर्ने वातावरण बनाई सबै नेपालीहरू अफ्नै देशमा बसेर खुशीका साथ रमाउन सकुन । यही सबै नेपालीहरूमा शुभकामना ।

# खसको गौरवशाली इतिहासलाई बिर्सनु हुन्न



गोर बाहादुर कार्की

समयक्रममा खस र कस शब्दहरू कहिले काँही मिल्नेजुल्ने जस्ता लागे पनि प्रारम्भमा दुवै शब्दको अर्थ फरक र सम्मानजनक नै थियो । खस शब्दले गौरवशाली इतिहास बोकेको जातिको परिचय दिन्थ्यो । तर आजको अवस्थामा, खस शब्दलाई अपमानजनक रूपमा लिन थालिएको छ, जसले गर्दा आफ्नो गौरवशाली इतिहासलाई बिर्सनुपर्ने जस्तो अवस्था सिर्जना भइरहेको छ ।

देशमा जातीय वर्गीय विश्लेषणको सन्दर्भमा हेर्दा, "म खस हुँ" भन्नुमा गर्वको अनुभूति हुनुको सट्टा अपहेलनाको आभास हुने अवस्था आएको छ । त्यसैले खसको पहिचानलाई सम्मानसाथ उच्चारित गर्न सक्ने वातावरण सिर्जना गर्नु आवश्यक छ ।

यदि सिंजा साम्राज्यमा जन्मिएका वीर सपूतहरू – जस्तै नरहरिनाथले खस जातिको भाषा, धर्म, संस्कृति र सभ्यताको मूल थलो जुम्लाको सिंजा भएको कुरा विश्वसमक्ष स्पष्ट नगरेका भए, आज हामी भाषाको जननी सिंजा हो भन्न समेत संकोच मान्नुपर्ने अवस्था आउन सक्थ्यो ।

खसहरूको योगदान केवल भाषा र धर्ममा मात्र सीमित छैन । सिंजाको आकर्षक हिमाली सौन्दर्य, झरनाहरू, डाँफे चरी, कस्तुरी मृग, च्याउ, यार्सागुम्बा, जडीबुटी, मार्सी धान, स्याउखेती, र सिमीजस्ता सम्पदाहरू पनि लोप हुने स्थितिमा छन् । अव्यवस्थित विकास र संरक्षणको कमीले गर्दा संस्कृतिमा विकृति देखिएको छ ।

खस भाषामा गाइने देउडा गीत, छैटि, सिंगारा, भैलो, देउसीमा गाइने मागल, झुडा, चुटि् कला, बालो नाच, हुड्केउली नाच, छलिया नाच, र पञ्चे बाजामा गाइने सुरिला भाका – न्याउली र कोइलीका आवाजहरू – क्रमशः हराउँदै गएका छन् ।

वर्खामा चरनका लागि तयार पारिएका खरक आटिहरू अहिले वनजंगलका हरियाली सँगै हराउँदै छन् । शुद्ध गाई, भैंसी, भेडाबाखाको मलको प्रयोग पनि घट्दै गएको छ ।

अब आवश्यक छ – मेलापर्वहरूमा शुद्ध खस भाषा प्रयोग होस्, खस भाषाका पाठ्यपुस्तक तयार गरियोस्, कर्णाली प्रदेशका प्राचीन संस्कृति र परम्पराहरू नास नहोस्, र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ध्यान त्यसतर्फ केन्द्रित होस् ।

कर्णाली क्षेत्रका मेलापर्व, धामी नाच, ढुङ्गाका देवलहरू, कृतिस्तम्भहरू – यी सबैलाई संरक्षित गरी विश्वमा चिनाउने प्रयत्न गरिनुपर्छ । यसका लागि महोत्सव तथा प्रदर्शनीहरू आयोजना गरि, सिलालेख र ऐतिहासिक दस्तावेजमार्फत खसको इतिहास उजागर गरिनु जरुरी छ ।

# निराशा बढी र उत्साह कम

सुनील महर्जन

वि.सं २०८१ साल समाप्त भएर आज सोमबारदेखि नयाँ वर्ष २०८२ शुरु भयो । सर्वसाधारण नागरिकको हेराइबाट सामाजिक जीवनका विभिन्न क्षेत्रको पुनरवलोकन गर्ने हो भने, निराशा बढी र आशा थोरै पाउँछौं ।

सरकार फेरबदललाई राजनीतिक अस्थिरतासँग जोडेर हेर्नेहरु पनि नेपालमा कम छैनन् । तर तिनका दृष्टिबाट स्थिर भनिएको सरकार गठन भएको नौ महिना बितिसक्दा पनि यसका गतिविधिले आम मानिसलाई उत्साहित तुल्याएको पाइँदैन । संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेस र दोस्रो दल एमाले मिलेर बनाएको सरकारलाई राजनीतिक स्थिरताको प्रतीकका रुपमा लिइएको थियो ।

सरकारको समग्र चाल हेर्दा उनीहरुबाट जनता उत्साहित भएको देखिएको छैन, मुलुक सही गन्तव्यमा अघि बढिरहेको अनुभूति गर्न सकिने स्थिति नै छ । यो अवस्थामा समग्र परिस्थितिको विश्लेषण गर्ने हो भने जताततै अँध्यारो र निराशा मात्र देखिन्छ । मानिस निराश भएर पनि बाँच्न नसक्ने प्राणी हुन् । यस्तो अवस्थामा मानिस आफ्ना चाहना र इच्छा, परिवारको मायाले पनि व्यक्तिगतरुपमा आशावादी भएर अघि बढ्ने गर्छन् । आम मानिसको कोणबाट अहिलेको परिदृश्यलाई नियाल्दा देखिने चित्रहरु यस्तै-यस्तै देखिन्छन् ।

पुराना राजनीतिक दल र तिनका नेताहरु देश नबनेको भाष्य तथ्यसंगत नभएको भन्ने गर्छन् । नयाँ स्थापित दल र तिनका नेताहरुले देश नबनेको प्रचारबाजी गरेर राजनीतिकरुपमा अघि बढ्न खोजिरहेको उनीहरुको तर्क छ । नयाँ राजनीतिक दल र तिनका नेताहरुले अहिलेको बेथिति, विसंगतिलाई कडारुपमा प्रहार गरिरहेका छन् ।

उनीहरुले सुशासनको अभाव, भ्रष्टाचार बढेको बढ्यै, जताततै दलीयकरण बढेको तर्क गर्छन् । यसो हेर्दा यसलाई तत्काल होइन भन्न पनि गाह्रो छ । समाधान के हो त ? उत्तर तिनीहरुसँग पनि छैन । अर्कोतर्फ शासनसत्ता पटक-पटक सम्हालिसकेका दलहरुले पनि समस्या समाधान गर्न कोशिशसमेत गरिरहेको अनुभूति गर्न सकेको छैन । यस्तो अवस्थालाई ढाकछोप गर्ने आकर्षक कार्पेट बनाउँछन्, संविधान संशोधनको मुद्दालाई । अध्यादेश पास गर्नेसम्मको अवस्था आउँदा संविधान संशोधनको मुद्दा कता हराउँछन्, कता हराउँछन् ।

मानौं सत्ताको खेल भनेको प्रत्येकले जनतालाई ठग्ने हो, कसले बढी ठगछन् त कसले कम ठग्छन् भन्ने मात्र हो कि ? अपवादबाहेक सबैले पालैपालो ठगिरहेका छन् । यस्तै शासकीय दुरावस्था र विरोधाधभाषका बीच बाँच्न नेपाली जनता अभिशप्त छन् । लोकतन्त्रमा संसद् जनताको हकहितको आवाज उठाउने मुख्य थलो हो । जनताका जनप्रतिनिधिले जनताका हितका विषयमा सघन बहस गरेर कानुन बनाउने हो । तर संसद् बैठक हुने आह्वान गर्दा अध्यादेश ल्याउने गर्छन् । अध्यादेशमा पारित गर्ने प्रक्रियामा दलहरुबीच टसमस भए पनि प्रतिस्थापित विधेयकका रुपमा पारित गरियो ।

संसद्मा हुने ऐन-कानुनको निर्माणमा सांसदको कम रुचि नियति नै बनिसकेको छ । कुनै-कुनै समितिमा सांसद्को अग्रसरताले प्रोएक्टिभ भूमिका निर्वाह गर्दा पनि दलका शीर्षस्थ नेताहरुको रुचिका कारण विधेयक अलपत्र हुने गरेको उदाहरण अख्तियार विधेयक नै छ । विधेयकले नीतिगत निर्णयले अंकुश लगाउन खोजेको एकथरीको तर्क छ भने अर्कोतर्फ यसपटक विधेयकले नीतिगत निर्णयमा हुने भ्रष्टाचारलाई रोक्न त्यसको स्पष्ट परिभाषासहित राखेको बताउँछन् । तर त्यसलाई पारित गराउन आवश्यक पहलकदमी लिनेमा सांसदको सक्रियता देखिएको छैन ।

अर्कोतर्फ कानुन निर्माणमा रुचिको द्वन्द्वहुने गरेको छ । धेरै अवस्थामा त कानुन बनाउने क्रममा सांसदहरुको जनताको हितबाट भन्दा पनि कुनै व्यावसायिक घराना, आसेपासेको रुचिका आधारमा हेर्ने गरेका उदाहरणहरु विधेयक निर्माणका क्रममा कयौँपटक दोहोरिएको छ । सांसदहरु जनताका प्रतिनिधि कम, कुनै बिचौलियाको एजेन्ट बढी भएका छन् ।

प्रश्न संसद्को भूमिकाको मात्र होइन, कानुनी शासनको विषयमा पनि छ । लोकतन्त्र भनेको संविधानवाद र विधिको शासन हो । कानुनी नजरमा सबै समान भन्ने अवधारणा नै लोकतन्त्र र कानुनीराजको मुख्य विशेषता हुन् । कानुनले वर्ग, शक्ति, पहुँचको आडमा कसैलाई भेदभाव गर्दैन भन्ने प्रत्याभूत गर्नु र गराउनु नै राज्यसञ्चालमा बसेकाहरुको मुख्य दायित्व हो । तर नेपालको सन्दर्भमा यो दायित्व पालना गराउनमा राज्य सधैँ उदासीन हुने गरेको छ ।

कहिले राज्यको बलियो उपस्थिति नहुँदा कानुनी व्यवस्था, कानुनी प्रक्रियाको परिपालना कमजोर हुने गर्दछ भने कहिले बलियो सरकारले कानुनी विधि र प्रक्रियालाई आफू अनुकूल गर्न कानुन सबैका समान छन् भन्ने धारणा व्यवहारतः अनुभूत गर्न कठिन भएको छ । भन्ने बेलामा लोकतन्त्र भनिए पनि यहाँ शक्ति र पहुँचमा हुनेले जे गरे पनि कानुन र राज्यले संरक्षण गर्ने गरेको देखिन्छ । यसैका प्रमाण हुन्, कसैलाई उही अपराधमा मुद्दा चलाउने, कसैलाई उन्मुक्ति दिने त कसैलाई मुद्दा फिर्ता लिने निर्णयहरु ।

राज्यको व्यवहार सबैमा समान हुनुपर्ने हो । प्रहरी जवानदेखि प्रहरी महानिरीक्षक, प्रधान सेनापतिदेखि प्रधानमन्त्रीसम्म र कार्यालय सहयोगीदेखि मुख्य सचिवसम्म कानुनको प्रयोगमा कहीँ कतै भेदभाव हुँदैन भन्ने प्रत्याभूत लोकतन्त्रले गरेको हुन्छ ।

तर सरकारको प्रत्यक्ष निर्देशनमा सरकार कानुनी सल्लाहकार महान्यायधिवक्ताले मुद्दा चलाउने कुरामा कसैलाई प्रतिशोध साँध्ने त कसैलाई नेता विशेषसँगको सम्बन्धको आडमा उन्मुक्ति दिएका थुप्रै उदाहरण अहिले छताछुल्ल भएका छन् । सरकारले उही प्रकृतिको अपराधमा कसैलाई मुद्दा चलाउने त कसैलाई नचलाउने गरी जे गरिरहेको छ, त्यो द्वेषपूर्ण कार्य हो । नेपालमा सरकार बलियो हुँदा शक्तिको दोहन गर्ने, कमजोर हुँदा गठबन्धनको स्वार्थले कानुन व्यवस्थालाई बलियो बनाउन नसक्ने स्थितिको सिकार अहिले राजनीतिक दल र तिनका नेताहरुमा नभई स्वयं व्यवस्था नै भइरहेको छ । यही नै समकालीन राजनीतिको दुर्भाग्य भन्नुपर्दछ ।

वि.सं. २०८१ सकिन लाग्दा राजावादी आन्दोलनले मुलुक तातेको छ । राजसंस्था अहिलेका लागि इतिहासको विषय भइसकेको छ । २ सय ४० वर्षसम्म नेपाली राज्यको केन्द्रबिन्दुमा रहेको राजसंस्था वा आसेपासेमा हुर्किएकाहरुले त्यसको पुनःस्थापनाको कुरा गर्ने, त्यसकै आधारमा राजनीति गर्ने विषय केही वर्षसम्म निरन्तर चलिरहनेछ । यो स्वाभाविक र सहज विषय हो ।

राजतन्त्रको कालमा राम्ररी कमाएका, सेना, प्रशासनयन्त्र, राज्य सञ्चालनको तहमा रहेकाहरुले राजतन्त्र हुँदा आफूले पुनः लाभ पाउने सपना देख्नु स्वाभाविक पनि हो । तर राजतन्त्रमा विश्वकै जर्जर मुलुकको जनताको रुपमा बाँच्नुपर्ने नेपाली नागरिकहरुले पनि राजसंस्थामा नेपाल र नेपालीको भविष्य देख्नु भनेको अहिलेको निराशा, दलका नेताहरुका गतिविधिबाट वाक्कदिक्क मनोविज्ञानको उपज हो ।

देश प्रशासनयन्त्र, लुटतन्त्र, अराजकता र बिचौलियाको चंगुलमा फसिरहेको छ । व्यवस्थाको उपलब्धिका रुपमा भन्दै आएको विषय पनि विकृत बन्दै गएको छ । भन्नलाई संघीय व्यवस्था भनिए पनि गुदी नभएको बोक्राझैँ संघीयताको अभ्यास अहिले मुल्कले गरिरहेको छ । प्रदेशलाई विगतको पाँच विकास क्षेत्रझै विकेन्द्रीकरणको पुनरावृत्ति गरिएको छ । सनातन धर्मको रक्षालाई धर्मनिरपेक्ष भनेर संविधानमा राखिएको छ ।

नेताका श्रीमती, आफन्त र बिचौलियालाई प्रतिनिधि गराएर समानुपातिक समावेशीको धज्जी उडाइएको छ । यो स्थितिलाई व्यवस्थाका पक्षधरहरुले समेत स्वीकार गर्न सकेका छैनन् । नाउँ मात्रको संघीयता, धर्मनिरपेक्षता पनि एकथरीलाई मन परिरहेको छैन । फेरि यस्तै बेला शासनसत्ता हातमा लिएका नेताहरुको अकर्मयण्ता, भ्रष्टाचार, जनताले भोग्नुपरिरहेको समस्यामा बेवास्ताका कारण जनतामा निराशा र दिग्दारी छाएको छ ।

यस्तै परिस्थितिलाई टेकर इतिहासको विषय भइसकेको राजतन्त्रले टाउको उठाइरहेको छ । सरकार र गणतन्त्रवादी दलहरुको नालायकीपनले गर्दा राजावादीको मनोबल बढ्दै गएको हो । सरकार, मुलुकको गृह प्रशासन जनतालाई यो प्रश्न अन्यतिर मोड्ने विभिन्न आरोप र बहानाबाजीमा अलमल्लिरहेका छन् । यी घटनाहरुलाई पृष्ठभूमिको रुपमा हेर्दा अब आउने दिनहरु सकसपूर्ण देखिन्छ । हुनेखाने जनता अमेरिका, अस्टेलियाजस्ता विकसित देशहरुमा लाग्ने लर्को अझ भेटिनेछ ।

त्यो नभए अध्ययन भिसामा जापान, काम गर्न इजरायल, कोरियातिर जाने युवाहरुको संख्या वृद्धि हुनेछ । पुँजी, पहुँच र प्रभाव हुनेहरु राज्यको आसेपासमा बसेर केही फाइदा उठाउने छन् । सर्वसाधारण जनता भोक र शोकमा डुब्ने क्रम रहिरहन्छ । यस्तै अन्यौल, विसंगतिको एउटा चरण पार गर्दा निम्तिने भनेको विद्रोह, तोडफोड, अराजक गतिविधि हो ।

किनभने अहिलेको पुस्ता आन्दोलनले मुलुक थप प्रगतिमा जान्छ भनेर पत्याउन सकिरहेका छैनन्, न जनताले कुनै शक्तिलाई मात्र पत्याइरहेका छन् । यस्तो अवस्थामा समस्याले निकास नपाए अनेक स्वरुपमा समस्याले अर्को समस्या जन्माउँदै जानेछ । अहिलेलाई मुलुक भगवान् भरोसामा चलिरहेको छ । यस्तो अवस्थाबाट पार लगाउन जनता जाग्नुको विकल्प छैन । प्रश्न गर्ने नागरिक चाहिएको छ । त्यसपछि समग्र परिस्थितिको विश्लेषण गर्दा निराशा भेटिएर मानिसको अन्तष्करणमा आशा भेटिनेछ । बौद्धिक निराशा र हृदयदेखिको आशाले मानिसलाई अहिलेको परिस्थतिमा अघि बढ्ने उत्साह प्रदान गर्नेछ । नयाँ वर्ष २०८२ को शुभकामना !

# गणतन्त्रलाई थप सुदृढ र बलियो बनाउनुपर्ने छ : उपराष्ट्रपति यादव



काठमाडौं- उपराष्ट्रपति रामसहाय प्रसाद यादवले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ र बलियो बनाउन संविधानका कमीकमजोरीलाई संशोधन गरेर अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

नयाँ वर्ष, २०८२ उपलक्ष्यमा आज शुभकामना व्यक्त गर्दै उहाँले मुलुकको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राख्दै जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्व-शासनको अधिकारलाई आत्मसात गर्दै अगाडि बढ् पर्नेमा जोड दिए ।

उनले शुभकामना सन्देशमा भनेका छन्, 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ र बलियो बनाउन संविधानका कमीकमजोरीलाई संशोधन गर्दै नयाँ कानूनको आवश्यकता भए वा संविधानको परिमार्जन गर्न सम्बन्धित निकायलाई प्रतिबद्धताका साथ अघि बढन नयाँ वर्षले उत्प्रेरित गर्न सकोस् भन्ने कामनाका साथ नव वर्ष २०८२ को अवसरमा शुभकामना व्यक्त गर्दछु ।'

उपराष्ट्रपति यादवले मुलुकमा वर्षौंदेखि अक्षुण्ण रहेका विविधता र एकतालाई सम्बोधन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने संकल्प र प्रण लिने अवसरका रुपमा उपयोग गर्नुपर्ने शुभकामना सन्देशमा उल्लेख गरेका छन् ।

नव वर्षको महत्व व्यक्तिगत स्तरमा मात्रै सीमित नभई यसको सामाजिक, सांस्कृतिक र आर्थिक महत्व उत्तिकै रहेको बताउँदै उनले जीवनमा नयाँ प्रेरणा प्रदान गर्दै आफ्ना वरपर सकारात्मकताको भाव फैलाउने अवसरका रुपमा आत्मसात गर्न आवश्यकता औंल्याएका छन् ।

'नव वर्षको स्वागत अत्यन्तै हर्षोल्लास र परम्परागत रुपमा गरिनुले हामीलाई आफ्नो सांस्कृतिक विरासतलाई संरक्षित गर्दै पिंढीदर पिंढी हाम्रा रैथाने संस्कृति र परम्पराको रुपान्तरणमा पनि सघाउँदछ', उपराष्ट्रपति यादवले भने ।

यस अवसरमा लिइने संकल्पले जीवनमा अनुशासन र स्थिरता कायम राख्नमा पनि सहयोग पुग्ने विश्वास व्यक्त गर्दै उनले हरेक व्यक्तिले आफन्तजन, परिवारजन, शुभचिन्तक र ईष्टमित्रको राम्रो स्वास्थ्य, दीर्घायु र सुखद् भविष्यको कामना गर्दै नव वर्षलाई उत्सवका रुपमा मनाइनुले परिवार र समुदायगत रुपमा अपनत्वभावलाई जीवन्त राख्दै एकीकृत समाजलाई अक्षुण्ण राख्न टेवा पुग्ने बताएका छन् ।

'यस अवसरमा हामीले नेपालको आर्थिक उन्नयन, शिक्षा र स्वास्थ्य लगायतका क्षेत्रमा द्रूत प्रगतिका लागि एकजूट भई अघि बढ्ने प्रयासमा जुट्ने दृढ संकल्पित र प्रतिबद्ध हुन जरुरी छ', नैतिकता, ईमानदारी र परिश्रमका साथ देशको समृद्धि र विकासमा अग्रसर हुन सम्पूर्ण सबैलाई नव वर्षले थप हौसला प्रदान गरोस्', उनले भने ।

पृष्ठ १ बाट जारी

**समृद्धिका लागि...**

मुलुकमा आज विकास केवल सपना नभइ यथार्थ बनिरहेका, यस बीचमा ग्रामीण भेगहरूमा बनेका भौतिक पूर्वाधार, तिनले जनजीवनमा पर्न थालेको प्रत्यक्ष सकारात्मक प्रभाव र सामाजिक सेवा प्रणालीमा भएका सुधार लोकतान्त्रिक प्रणालीका उपलब्धि भएका प्रधानमन्त्रीले उल्लेख गरेका छन् ।

प्रधानमन्त्री ओलीले युवापुस्ता राष्ट्रका सम्भावना भएकाले उनीहरूको जोश, जाँगर र सिर्जनशीलतालाई राष्ट्र निर्माणको मूलधारमा ल्याउन सरकारले युवाहरुलाई उद्यमशीलता, प्रविधि, शिक्षा र स्वरोजगारमार्फत आत्मनिर्भर र आत्मविश्वासी बनाउने नीति अवलम्बन गरेको सन्देशमा बताएका छन् ।

सन्देशमा प्रधानमन्त्रीले भनेका छन्, 'मुलुकको लोकतान्त्रिक प्रणालीले ल्याएको परिवर्तनलाई हामीले हेर्ने मात्र होइन, त्यसलाई अँगाल्ने, उत्सवको रूपमा मनाउने र अझ सकारात्मक दिशामा अघि बढ्ने सङ्कल्प लिनुपर्छ । निराशा फैलाएर मुलुकलाई गलत बाटोमा लैजान खोज्ने प्रवृत्तिलाई परास्त गर्दै राष्ट्रप्रेम, एकता र प्रगतिमा भरोसा गर्दै अघि बढ्नुपर्दछ ।'

पृष्ठ १ बाट जारी

**जनता खुसी...**

। राज्यको साधनस्रोतको अधिकतम सदुपयोग र त्यसको प्रतिफल जनता समक्ष पुग्नु नै हाम्रो सफलता हो, जनताको सन्तुष्टिको अवस्था हो ।'

पूर्वअध्यक्ष रेग्मीले समयको माग र गतिसँगै विश्व रङ्गमञ्चमा आफ्नो उपस्थितिको समीक्षा गर्दै राज्यको उन्नति र जनताको समृद्धिमा प्रतिबद्ध भई एकजुट हुन नयाँ वर्ष सफल होस् भन्ने कामना गरेका छन् ।

**रामेछाप डायरी**

## रामेछाप नगरपालिका-८ का ५० जनालाई तरकारी खेती,हाउस वाईरिङ्ग र पशुपंक्षि सम्बन्धि तालिम




रामेछापको रामेछाप नगरपालिका वडा नं ८ की कोपिला मगरले तरकारी खेती सम्बन्धि १५ दिने तालिम लिनुभयो । उहाँले १५ दिने तालिममा तरकारी खेतीसँग सम्बन्धित विभिन्न कुराहरुको बारेमा जानकारी लिँदै सिप समेत सिक्नुभयो ।

टनेला बनाउने तरिका,नर्सरीमा बिरुवा उत्पादन गर्दा ध्यान दिनुपर्ने कुराहरु तालिमबाट सिकेको उहाँले बताउनुभयो । तरकारी खेती गरिरहेको भएपनि प्राविधिक ज्ञान नहुँदा सोचे जस्तो उत्पादन नभएको मगरले बताउनुभयो । सिपसँगै तरकारी खेतीको लागी आवश्यक पर्ने टनेला पाएको भन्दै उहाँले तरकारी खेतीलाई अझ विस्तार गर्ने बताउनुभयो ।

रामेछाप नगरपालिका ८ का राम कुमार शाहीले १ महिने हाउस वाईरिङ्ग तालिम लिनुभयो । वाईरिङ्ग सम्बन्धि कुनै पनि ज्ञान नभएका शाहीले अहिले तालिम लिएपछि वाईरिङ्ग गर्न सक्ने भएको बताउनुभयो । वाईरिङ्ग गर्नका लागि आवश्यक सामाग्रीहरु समेत प्राप्त गरेको भन्दै उहाँले अब आफ्नो गाउँघरमा बत्ति जडान तथा मर्मतको काम गर्ने बताउनुभयो ।

रामेछाप नगरपालिका वडा नं ८ कै द्रुतराम नेवा खड्गीले पशुपंक्षिसँग सम्बन्धित विभिन्न जानकारीसँगै आवश्यक सिप सिक्नुभयो । खसीबाखा,गाईभैंसी र कुखुराहरु पालिरहेको भएपनि रोग पहिचान र उपचारको बारेमा कुनै जानकारी नहुंदा समस्या हुँदै आएको र अहिले तालिमपछि धेरै कुराहरु सिकेको उहाँले बताउनुभयो ।

रामेछाप नगरपालिकाको आयोजना र ग्रामिण विकास प्रमोशन प्रा.लीको सहजीकरणमा रामेछाप नगरपालिका ८ का ५० जनाले विभिन्न सिप विकास तालिम लिएका हुन । तरकारी खेती,हाउस वाईरिङ्ग र पशुपंक्षि सम्बन्धि तालिममा सहभागीहरुले सिपसँगै आवश्यक समाग्रीहरु पनि प्राप्त गरेका छन ।

तरकारी खेती सम्बन्धि तालिम २० जना,हाउस वाईरिङ्ग सम्बन्धि तालिम १५ जना र पशुपंक्षि सम्बन्धि तालिम १५ जनाले लिएको ग्रामिण विकास प्रमोशन प्रा.लीका अध्यक्ष गुन्ज बहादुर कार्कीले बताउनुभयो । यो तालिम संचालनको लागी ४ लाख २४ हजार रुपैया खर्च भएको उहाँले बताउनुभयो । यसभन्दा अघि तालिम लिएका २० जनालाई अबको केही दिन भित्रमै पुन ताजगी तालिम दिईने उहाँको भनाई छ ।

शुक्रबार वडा नं ८ का वडाअध्यक्ष सन्तोष तामाङ्गको अध्यक्षता र रामेछाप नगरपालिका प्रमुख लबश्री न्यौपानेको प्रमुख आतिथ्यतामा तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम सम्पन्न भएको हो । तालिममा सहभागीहरु र प्रशिक्षकलाई प्रमाण पत्र प्रदान गरिएको हो । तरकारी खेती सम्बन्धि तालिम लिएकाहरुलाई एक/एक सेट टनेला,हाउस वाईरिङ्ग तालिम लिएकाहरुलाई वाईरिङ्गका लागी आवश्यक सामाग्रीहरु हस्तान्तरण गरिएको हो ।

पृष्ठ १ बाट जारी

**समृद्ध राष्ट्र...**

अघि बढ्नुपर्नेमा जोड दिएका छन् ।

लोकतान्त्रिक गणतन्त्रको विकल्प अझ सुदृढ लोकतान्त्रिक गणतन्त्र भएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले नववर्षमा नेपाली जनता सुशासन, सामाजिक न्याय, आर्थिक समृद्धि र अग्रगामी परिवर्तन चाहन्छन् भन्ने तथ्य पुनः पुष्टि गर्दै नयाँ संकल्प लिनुपर्ने बताए ।

२०८२ साल नयाँ चुनौती र अवसर लिएर आएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले संविधानको पूर्ण कार्यान्वनमार्फत जनअपेक्षा पूरा गर्नेतर्फ ध्यान दिन सबैको ध्यानाकर्षण गराएका छन् ।

हार्दिक शुभकामना

नव वर्ष २०८२ को पावन
अवसरमा सम्पुर्ण सम्पुर्ण वडा बासि तथा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई, दिदी बहिनीहरुमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछु ।

नर बिक्रम कार्की
वडा अध्यक्ष
गोकुलगंगा गाउँपालिका वडा नं. ३, रामेछाप

हार्दिक शुभकामना

नव वर्ष २०८२ को पावन
अवसरमा सम्पुर्ण देश-विदेशमा रहनु भएका
नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा
**हार्दिक मंगलमय शुभकामना ।**

नेपाल निर्माण व्यवसायी महासंघ (परिवार)

हार्दिक शुभकामना

नव वर्ष २०८२ को पावन
अवसरमा सम्पुर्ण सम्पुर्ण वडा बासि तथा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई, दिदी बहिनीहरुमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछु ।

दिपक कार्की
वडा अध्यक्ष
गोकुलगंगा गाउँपालिका वडा नं. ५, रामेछाप

हार्दिक शुभकामना

नव वर्ष २०८२ को पावन
अवसरमा सम्पुर्ण सम्पुर्ण वडा बासि तथा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई, दिदी बहिनीहरुमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछु ।

चन्द्र बहादुर सुनुवार
वडा अध्यक्ष
गोकुलगंगा गाउँपालिका वडा नं. ६, रामेछाप

जन आकाश — Jana Aakash National Weekly — राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ३४, २०८२ साल बैशाख २ गते मंगलबार (APR 14, 2025)

# प्रभु क्यापिटलको नेपाली नयाँ वर्ष २०८२ को कर्पोरेट डिजिटल क्यालेन्डर सार्वजनिक




काठमाडौं- प्रभु क्यापिटल लिमिटेडले नेपाली नयाँ वर्ष २०८२ को लागि तयार गरेको डिजिटल क्यालेन्डर सार्वजनिक गरेको छ ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिबाट स्वीकृत मितिहरू, सार्वजनिक बिदाहरू, तिथि, नेपाली र अंग्रेजी मिति तथा नेपालीहरुले मनाईने विविध चाँडपर्व तथा सांस्कृति झल्किने तस्वीरका साथै क्यापिटलले आफ्नो सेवा सुविधाहरू समेत क्यालेन्डरमा समेटेको छ ।

क्यालेन्डरमा क्यापिटलले दिने सेवा बारे ग्राहक महानुभावहरूलाई सजिलै जानकारी दिनूका साथै सोमा ग्राहकहरुलाई लगानी तथा वित्तीय साक्षरता सम्बन्धी सन्देश पनि दिएको छ ।

उक्त क्यालेन्डर डिजिटाइज गरी वेबसाइटमार्फत डाउनलोड सहितको सुबिधा दिई उपलब्ध गराएको छ भने डिजिटल माध्यमबाट सम्पूर्णमा पहुँचयोग्य बनाउन सो को क्युआर कोड सामाजिक सञ्जाल र वेबसाइटमार्फत उपलब्ध गराएको छ ।

कुनै पनि कम्पनीका प्रथमत् कर्मचारी नै ब्रान्ड एम्बेस्डर हो भन्ने मान्यता लिई क्यापिटलले आफ्ना कर्मचारी मार्फत नै आफ्ना सेवा तथा वित्तीय लगानीका प्रडक्ट तथा योजनाहरु क्यालेन्डरमा प्रस्तुत गरेको छ ।

यसका साथै क्यापिटलले हाम्रो नेपाली सभ्यतामा चाँडपर्वहरुमा उपहार तथा कोसेली दिने परम्परलाई भावी सोचले नयाँपन दिदै, आफ्ना प्रियजन तथा मान्यजनलाई उपहार स्वरुप भविष्यमा लगानी वृद्धि हुदै जाने खालका वित्तीय साधनहरु दिएमा वित्तीय समृद्धि तथा भविष्यमा उनीहरुले वित्तीयसुरक्षा समेत पाउन सक्छन् भन्ने वित्तीय साक्षरताको सन्देश पनि दिएको छ ।

मर्चेन्ट सम्बन्धी विभिन्न सेवा, सुविधा तथा यो जनाहरूमा २ लाख ६० हजार बढी ग्राहक भएको प्रभु क्यापिटलले आफ्नो कमलादी स्थित कर्पोरेट कार्यालय तथा प्रभु बैंकको सम्पूर्ण शाखा कार्यालयबाट डिम्याट खाता खोल्ने सुबिधा दिएको छ भने ग्राहकले अनलाईन मार्फत समेत डिम्याट तथा पिएमएसको सेवा लिनसक्ने छन् ।

साथै क्यापिटलले हालमा लगानीका नयाँ उचयमगअअत हरु क्ष्ँ/ऋयचउयचबतभ ब्मखष्कयचथ तथा क्ष्ए थपेको छ भने सचेतना अभिवृद्धिका लागि समय-समयमा सेयर तथा पुँजीबजारसंग सम्बन्धित तालिम, वर्कसप तथा सचेतना कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।

# महालक्ष्मी विकास बैंकको नयाँ वर्षको अवसरमा ७.९९ प्रतिशतमै घर कर्जा




काठमाडौं- महालक्ष्मी विकास बैंकले नयाँ वर्ष २०८२ को अवसरमा ग्राहकहरुलाई लक्षित गरी महालक्ष्मी घर कर्जा एकल अंकको ब्याजदर ७.९९ प्रतिशतमा नै प्रदान गर्ने भएको छ ।

नयाँ वर्ष २०८२ को अवसरमा बैंकिङ्ग क्षेत्रमा नै सस्तो तथा प्रतिस्पर्धी ब्याजदर कायम रहने गरी ग्राहकहरुलाई घर खरिद गर्न निर्माण गर्न पुर्ननिर्माण गर्न तथा अपार्टमेन्ट खरिद गर्न बैंकले यस्तो कर्जा प्रदान गर्नेछ ।

यस्तो कर्जा वातावरणीय विशेषता पुष्टी गर्न सक्ने तथा नवीकरणीय वा दिगो स्रोतहरुको प्रयोग गरिएको हुनुपर्दछ । यस्तो कार्यबाट वातावरण संरक्षण गर्न, दिगो विकासको प्रबर्द्धन गर्न तथा नेपाल राष्ट्र बैंकको नियामकीय निर्देशनको पालना गर्न समेत सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ्ग सुविधा उपलब्ध गराइरहेको महालक्ष्मी विकास बैंकले हालै मात्र भारतको प्रतिष्ठित म्यागजिन "विजनेश कनेक्ट" बाट ग्राहक केन्दित बैंकको ष्ट्रिय अवार्ड प्राप्त गरेको छ भने मोबाइल एप्लिकेसनलाई समेत परिष्कृत गर्दै "महालक्ष्मी स्मार्ट साथी" सञ्चालनमा ल्याएको छ ।

"सबल बैंक, सफल सहकार्य" को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत ३० वर्ष देखि अनवरत रुपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस बैंकको देशभर १०३ शाखा कार्यालयहरु र करिब ८ लाख ग्राहकहरु रहेका छन् ।

## हार्दिक शुभकामना

सबैलाई नयाँ बर्ष २०८२ को पावन अवसरमा
नयाँ आशा, नयाँ उत्साह, र नयाँ सपनाको साथ यो नयाँ बर्षले तपाईं र तपाईंका परिवारलाई स्वास्थ्य, सुख, र सफलताको सागर ल्याओस्। जीवनका हरेक पलमा आनन्द, शान्ति, र समृद्धि हुँदै जाओस्। पुराना दुःखहरू पछ्यौटिएर नयाँ आशाका किरणहरू मनमा बसुन् । धेरै माया र आशिष सहितको नयाँ **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछु ।



चक शाहि
विद्यालय प्रध्यानाध्यापक
श्री कालिका माध्यमिक विद्यालय, आठबिस न.पा. ६, दैलेख

## हार्दिक शुभकामना

नव वर्ष २०८२ को पावन
